# नेपाल राष्ट्र बैंक
# मौद्रिक व्यवस्थापन विभाग
# बालुवाटार, काठमाडौं

## २०७९ चैत १६ गते रु. २५ अर्बको २०८० असार मसान्तसम्म भुक्तानी मिति भएका नेपाल सरकारका ट्रेजरी बिल्स सोझै खरिद बोलकबोलको सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवम् शर्तहरु कायम गरी सोझै खरिद बोलकबोलमार्फत् नेपाल सरकारको ट्रेजरी बिल्स खरिद गर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) उपकरणको नाम : सोझै खरिद बोलकबोल (नेपाल सरकारको ट्रेजरी बिल्स) ।
   (ख) आह्वान रकम : रु. २५ अर्ब (पच्चिस अर्ब रुपैयाँ मात्र) ।
   (ग) बोलकबोल मिति र समय : २०७९ चैत १६ गते बिहिबार बिहानको १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म ।
   (घ) खरिद मिति : २०७९ चैत १७ गते शुक्रबार ।
   (ङ) बोलकबोल : **https://obss.nrb.org.np/pd** मार्फत् मात्र गर्नुपर्ने ।

२. काउण्टरपार्टीले बिक्री गर्न चाहेको तोकिएको भुक्तानी मिति भएका नेपाल सरकारका ट्रेजरी बिल्सको सिरिज नं. र परिमाण उल्लेख गर्नु पर्नेछ ।

३. काउण्टरपार्टीले बिक्री गर्न चाहेको ट्रेजरी बिल्सको परिमाणको मूल्यमा बोलकबोल गर्नु पर्नेछ । (उदाहरण: रु. १०० को ट्रेजरी बिल्स कति मूल्यमा बिक्री गर्ने हो सो रकम बोल गर्नुपर्ने)

४. काउण्टरपार्टीले बिक्री गर्न चाहेको नेपाल सरकारको ट्रेजरी बिल्सको परिमाण रु. ५ करोड वा रु. ५ करोडले भाग लाग्ने दरले खरिद आव्हान गरेको रकमसम्म बोलकबोल गर्न सक्नेछन् । तर एउटा सिरिजको ट्रेजरी बिल्सका लागि एउटा मात्र बोलकबोल गर्नुपर्नेछ ।

५. सोझै खरिद बोलकबोलको रकम बाँडफाँट गर्दा बोलबमोजिमको वार्षिक प्रतिफल दर (Yield Rate) गणना गरी सबभन्दा बढी प्रतिफलदर (Yield Rate) बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ । तर समान वार्षिक प्रतिफल दर (Yield Rate) भएका बोलपत्रहरूको रकम समावेश गर्दा कूल निष्काशित रकमभन्दा बढी भएमा सो दरको बोल रकमलाई समानुपातिक रूपमा (Pro-rata Basis) बाँडफाँट गरिनेछ ।

६. बोलकबोलमा संलग्न काउण्टरपार्टीले २०७९ चैत १६ गते बिहिबार दिनको ३:१५ बजेभित्र बोलकबोल गरेका ट्रेजरी बिल्सको सक्कलै प्रति यस बैंकमा बिक्रीका लागि दाखिला गर्नुपर्ने छ र तोकिएको समय सीमाभित्र यस्ता ट्रेजरी बिल्स दाखिला नगर्ने काउण्टरपार्टीलाई बोल मूल्यको २.५० प्रतिशतका दरले हर्जाना सहित आगामी ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोरसम्बन्धी कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाउन सकिने छ ।

७. बोलकबोलको बाँडफाँटमा Cut-Off Rate लगाउने, पूर्ण वा आंशिक बोलकबोल आव्हान रकम स्वीकार वा अस्वीकार गर्ने लगायतका अधिकार समितिमा निहित रहनेछ ।

विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४४१९८०५ Ext: ८३४ वा ८३६ मा सम्पर्क गर्न सकिनेछ ।

मिति २०७९ चैत १५ गते